हाम्रो नगर ! हाम्रो फोहर ! हाम्रो दायित्व ! हाम्रो भविष्य !

# पालुङ्टार नगरको सन्तुलित विकासका लागि फोहोर मैला व्यवस्थापन कार्यक्रम



पालुङ्टार नगरपालिका, गोरखा

karlzündstiftung

CHAY YA | ASSOCIATION FOR POVERTY ALLEVATION EDUCATION, HEALTH AND LIVELIHOOD IN THE HIMALAYS

# फोहोर मैला व्यवस्थापन

साधारणतया फोहोर भन्नाले हामीलाई काम नलाग्ने बस्तु अर्थात कुनै पनि नचाहिएको फ्यौँकिएको बस्तु भन्ने बुझिन्छ । तर हाम्रो लागि फोहोर भएको बस्तु अन्य व्यक्ति तथा संस्थालाई काम लाग्ने हुन सक्छ । उदाहरणको लागि फलाम, कागज, प्लास्टिक, आदी अरु प्रयोजनमा आउन सक्छ । त्यसैले फोहोरलाई अनुपयुक्त स्थानमा भएको वस्तु वा उपयोग गर्न नसकिएको वस्तु भनेर परिभाषित गर्न सकिन्छ ।

अव्यवस्थित फोहोर मैला व्यवस्थापन संसारकै मुख्य वातावरणीय समस्या भित्र पर्दछ । नेपालमा पनि शहरी तथा शहर उन्मुख क्षेत्रमा फोहोर मैला व्यवस्थापन मुख्य समस्या तथा चुनौतीको रुपमा रहेको छ । शहरीकरण संगै बढेको फोहोर मैला व्यवस्थापनमा जटिलता थपिदै आएको छ ।

हालको अवस्थामा अधिकांश नगरपालिकाहरुमा फोहोर मैलाको उचित व्यवस्थापन भएको पाईंदैन । प्रायः जसो फोहोर जथाभाबी थुपार्ने र जलाउने गरिन्छ । यसले मानव स्वास्थ्य र वातावरणमा गम्भिर असर पारेको छ । तसर्थ स्वच्छ, सफा र दिगो शहरको लागि फोहोर व्यवस्थापन नितान्त आवस्यक छ । नेपाल सरकारले पनि स्थानिय जनताको सु-स्वास्थ्य र सफा वातावरणको लागि नगरपालिका स्तरमा नै फोहोर मैला व्यवस्थापन गर्न फोहोर मैला व्यवस्थापन ऐन २०६८ बनाएको छ । तसर्थ शहर उन्मुख पालुङ्टार नगरपालिकाले दिगो विकासका लागि कार्लजुण्ड स्टिफटुंग, छा–या अष्ट्रिया र छा–या नेपालसंग सहकार्य गर्दै दिगो फोहोर मैला व्यवस्थापन कार्यक्रम सुरु गरेको छ ।





## दुर दृष्टि (Vision)

स्वच्छ, सफा, स्वस्थ पालुङ्टार नगरपालिका !

## लक्ष्य (Goal)

3 -R
(Reuse, Recycle and Reduce)
सिद्धान्त प्रयोग गरी फोहोरलाई मोहोरमा परिणत गरी फोहोर डम्पिङको स्थितिलाई शून्यमा झार्ने ।

## उद्देश्य (Objective)

- फोहोर व्यवस्थापन सम्बन्धी जनचेतना जगाइ उत्तरदायी नागरिक सोचको विकास गर्ने ।
- श्रोतबाट नै फोहोर घटाउन र बर्गिकरण गर्न जनतालाई सजक गराउने ।
- घर घरबाट फोहोर संकलन गर्ने ।
- संकलित कुहिने फोहोरलाई कम्पोस्ट गर्ने ।
- संकलित फोहोर पुनः चर्क्रण गर्न पुनः चर्क्रण प्रकृयामा पठाउने ।




## अब्यवस्थित फोहोरबाट जनस्वास्थ्यमा र वातावरणमा पर्ने प्रमुख असरहरु

- फोहोरको सम्पर्कमा आउनेलाई घाउ चोटको सम्भावना बढी हुन्छ ।
- झाडा, पखाला, हैजा, आउँ, जस्ता संक्रामक रोगहरु फैलने हुन्छ ।
- फोहोरमा हुने हानिकारक रसायन सँगको सम्पर्कले छाला, आँखा वा अन्य अङ्गहरुमा हानी पुऱ्याउँछ ।
- फोहोरमा बस्न रुचाउने मुसा, सुङ्गुर, भिंङ्गा, लामखुट्टे जस्ता जनावरहरुले रेबिज, प्लेग, हैजा, औंलो जस्ता रोगहरु निम्त्याऊँछन ।
- अस्पतालमा प्रयोग भैसकेका सिरिन्ज, सियोहरु लागुपदार्थ सेवन गर्नेहरुले प्रयोग गर्न सक्छन, जसबाट एड्स, हेपाटाइटिस जस्ता रोगहरु लाग्न सक्छ ।
- वातावरणमा दुर्गन्ध फैलन्छ ।
- जथाभाबी फोहोर फ्याँक्नाले माटो, वायु, सतहमा बग्ने पानी तथा भुमिगत पानी प्रदुषित हुन्छ ।
- ढलमा फोहोर फ्याँक्नाले ढल बन्द हुन्छ ।
- पर्यटन व्यवसायलाई नकारात्मक असर पर्छ ।

## पालुङ्टार नगरमा फोहोर मैलाको स्थिति

पालुङ्गटार नगरपालिका वडा नं. ३, ४ र ५ को अध्ययन अनुसार प्रति व्यक्ति प्रति दिन फोहोर उत्पादन लगभग ०.१७ के.जी. र प्रति घर प्रति दिन औषत फोहोर उत्पादन ८०० ग्राम रहेको छ । जसमा ५२८ ग्राम (६६%) कुहिने फोहोर र २७२ ग्राम (३४%) नकुहिने फोहोर रहेको छ । कुहिने फोहोरलाई ६७% घरले घरपालुवा जनावरहरु लाई खुवाउने गरेका छन्, १९% घरले खाल्टो खनेर पुर्ने गरेका छन् । १४% घरधुरीले कम्पोस्ट मल बनाउने गरेका छन् । त्यस्तै गरी नकुहिने फोहोरलाई ४३% घरधुरीले बेच्न मिल्ने फोहोरलाई कवाडिलाई बेच्ने गरेका छन्, २८% घरधुरीले खाली ठाउँमा जथाभाबी फाल्ने गरेका छन्, २४% घरधुरिले बाल्ने गरेका छन् भने ५% घरधुरीले खाल्टो खनेर पुर्ने गरेका छन् ।

प्रति घर प्रति दिन औषत फोहर उत्पादन ८०० ग्राम माघ २०७६




## प्लास्टिक बाल्नुका खतराहरु

- क्यान्सर
- दम खोकी तथा श्वासप्रश्वास प्रणालिमा असर
- केन्द्रिय स्नायु प्रणालीमा असर
- आँखामा असर
- मुटु र मृगौलामा समस्या

## फोहोर मैला व्यवस्थापन कसरी गर्ने ?

फोहोर व्यवस्थापन भन्नाले फोहोर र यसबाट हाम्रो समाज तथा वातावरणलाई हुन सक्ने नकारात्मक असरलाई कम गर्न अपनाउने प्रकियालाई बुझिन्छ । फोहोर व्यवस्थापन गर्न निम्न प्रक्रियाहरु अपनाउन सकिन्छ ।

१) फोहोर उत्पादन हुने स्रोतमा नै कम गर्ने वा घटाउने (Reduce)
२) उचित संकलन (Proper collection)
३) फोहोरको बर्गिकरण (Segregation at Source)
४) प्रयोग गरिसकेको बस्तुलाई पुन: प्रयोग गर्ने (Reuse)
५) फोहोरलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने (Recycle)
६) फोहोरलाई कम्पोस्ट मल बनाउने (Composting)
७) सुरक्षित निपटान (Safe disposal)

## पुनर्चक्रण (Recycle)

पुनर्चक्रणले इन्धन, प्राकृतिक श्रोत, समय, पैसा र ल्याण्डफिल गर्ने ठाउँ बचाउनुको साथसाथै वातावरण प्रदुषण तथा हरित गृह ग्याँस उत्पादनमा न्यूनिकरण गर्दछ ।

## फोहोरको पुन: प्रयोग (Reuse)

हामीलाई काम नलाग्ने बस्तुहरु अरु कुनै उद्योगलाई कच्चापदार्थ हुन सक्छ । त्यसैले फोहोरको रुपमा फ्याँकिने बस्तुहरु जस्तै कागज, प्लास्टिक, फलाम, सिसा, आदिलाई कच्चा पदार्थको रुपमा पुन: प्रयोग गर्न सकिन्छ ।

## फोहोरलाई श्रोतमै घटाउने (Reduce)

कम भन्दा कम प्याकेजिङ भएका बस्तु प्रयोग गरेर वा लामो समय सम्म प्रयोग गर्न सक्ने बस्तुहरु उपयोग गरेर । जस्तै: प्लास्टिकको झोलाको साटो कपडा तथा जुटको झोला प्रयोग गर्ने ।

## के तपाइलाई थाहा छ ?

→ १ टन कागज पुनर्चक्रण गर्दा १७ वटा रुख बचाउन सकिन्छ ।
→ १ टन प्लास्टिक पुनर्चक्रण गर्दा लगभग १९१७ के.जि. खनिज तेल बचाउन सकिन्छ ।
→ १ टन ग्लास पुनर्चक्रण गर्दा ३४ लिटर तेल बचाउन सकिन्छ । साथसाथै लगभग ३ टन $Co_2$ घटाउन सकिन्छ ।







# फोहोर मैला व्यवस्थापन प्रणाली
# पालुङ्टार नगरपालिका




## सम्पर्क

पालुङ्टार नगरपालिका, गोरखा

CHAY-YA NEPAL


### पालुङ्टार नगरपालिका

पालुङ्टार नगरपालिका - ५
ठाँटी पोखरी , गोरखा
फोन नं : ९७७ - ०६४ - ४००००२ , ४०००९३
वेब साइट : www.palungtarmun.gov.np
इमेल : info@palungtarmun.gov.np

### छा - या नेपाल

टोखा नगरपालिका - ९
गोंगबु गणेशथान, काठमाडौँ
फोन नं : ९७७ - ०१ - ४३५४९४८
वेब साइट : www.chayyanepal.org
इमेल : nepal@chay-ya.com